(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

# स्थानीय राजपत्र

## भाग-२

खण्डः-७ सङ्ख्याः-०२ मितिः-२०८०।०३।०१

## उदयपुरगढी गाउँपालिकाको कर्मचारी तहबृद्धि सम्बन्धी मापदण्ड, २०८०


उदयपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
उदयपुरगढी, उदयपुर
कोशी प्रदेश, नेपाल


रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

# उदयपुरगढी गाउँपालिकाको कर्मचारी तहवृद्धि सम्बन्धी मापदण्ड,२०८०

**प्रस्तावना:** उदयपुरगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सम्पूर्ण वडा कार्यालय, उदयपुरगढी अस्पताल, स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रमा कार्यरत कर्मचारी र कार्यालयको प्रभावकारी व्यवस्थापन मार्फत सेवा प्रवाहलाई सुदृढ एवम् प्रभावकारी बनाउन तथा स्थानीय सेवालाई सक्षम, सेवामूलक, सुशासनमुखी, उत्तरदायी, सहभागितामूलक र व्यावसायिक बनाउँदै स्थानीय सेवाको गठन सञ्चालन र सेवाका शर्त सम्बन्धमा तत्काल कानूनी व्यवस्था गरी उदयपुरगढी गाउँपालिकामा कार्यरत कर्मचारीहरुको तह वृद्धि गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेशले जारी गरेको "स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८०" को दफा १५४ तथा उदयपुरगढी गाउँपालिकाको प्रशासकीय मापदण्ड (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी उदयपुरगढी गाउँ कार्यपालिकाले यो मापदण्ड तयार गरी लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो मापदण्डको नाम "उदयपुरगढी गाउँपालिकाको कर्मचारी तह बृद्धि सम्बन्धी मापदण्ड,२०८० "रहेको छ।

(२) यो मापदण्ड तुरुन्तै प्रारम्भ हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "अख्तियारवाला" भन्नाले स्थानीय सेवामा नियुक्ति, पदस्थापन र अवकाशको निर्णय गर्ने अधिकारी सम्झनुपर्छ।

(ख) "अध्यक्ष" भन्नाले उदयपुरगढी गाउँ कार्यपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(ग) "अध्यादेश" भन्नाले कोशी प्रदेशबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० सम्झनुपर्छ।

(घ) "उपाध्यक्ष" भन्नाले उदयपुरगढी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ।

(ङ) "कर्मचारी" भन्नाले उदयपुरगढी गाउँपालिकामा कार्यरत सङ्घीय तथा प्रदेश सरकारबाट उदयपुरगढी गाउँपालिकामा खटी आएका र गाउँपालिकामा जुनसुकै तवरले कार्यरत स्थायी, अस्थायी, सेवा करार (करार सेवा) सेवाका कर्मचारीलाई समेत सम्झनुपर्छ।

(च) "कार्यपालिका" भन्नाले उदयपुरगढी गाउँ कार्यपालिका सम्झनुपर्छ।

(छ) "कार्यपालिका सदस्य" भन्नाले उदयपुरगढी गाउँ कार्यपालिकाको सदस्य सम्झनुपर्छ र सो शब्दले कार्यपालिकाको उपाध्यक्ष तथा वडा अध्यक्ष समेतलाई जनाउँछ।

(ज) "गाउँपालिका" भन्नाले उदयपुरगढी गाउँपालिका सम्झनुपर्छ।

(झ) "तह वृद्धि" भन्नाले अध्यादेशको दफा ४, ८ र २८ बमोजिम गरिने तह वृद्धिलाई सम्झनुपर्छ।

(ञ) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनुपर्छ।

(ट) "प्रदेश लोक सेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोगलाई सम्झनुपर्छ।

(ठ) "वडा समिति" भन्नाले उदयपुरगढी गाउँपालिकाको वडा समिति सम्झनुपर्छ।

(ड) "वडा अध्यक्ष" भन्नाले उदयपुरगढी गाउँपालिकाको विद्यमान वडाहरुको वडा अध्यक्षलाई सम्झनुपर्छ।



रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(ढ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले उदयपुरगढीको गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(त) "मन्त्रालय" भन्नाले स्थानीय तहहरुले सङ्घीय सरकार वा प्रदेश सरकारसमक्ष सम्पर्क गर्न तोकिएको तत् तत् मन्त्रालय सम्झनुपर्दछ।

(थ) "सभा" भन्नाले उदयपुरगढी गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ।

(द) "सम्वन्धित निकाय" भन्नाले प्रचलित कानूनद्वारा तोकिएका संघीय सरकार, प्रदेश तथा सरकार स्थानीय सरकार सम्वद्ध सरकारी संयन्त्रलाई सम्झनुपर्छ।

३. <u>तह वृद्धि गर्नुपर्ने:</u> गाउँपालिकामा कार्यरत योग्यता पुगेका स्थायी कर्मचारीको तह वृद्धि गर्नुपर्नेछ।

४. <u>तह वृद्धि सिफारिस समिति:</u> (१) गाउँपालिकामा कार्यरत कर्मचारीको तहवृद्धि गर्न तपसिल बमोजिमको एक तह वृद्धि सिफारिस समिति रहनेछ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| (ख) गाउँ कार्यपालिकाले तोकेको एक जना बरिष्ठ महिला कर्मचारी | सदस्य |
| (ग) गाउँ कार्यपालिकाले तोकेको एक जना बरिष्ठ कर्मचारी | सदस्य |

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा गाउँ कार्यपालिकाले तोकेका बाहेकका तह वृद्धि हुने सम्भाव्य उम्मेद्वार बाहेकका कर्मचारीलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ।

(३) उपदफा (१) बमोजिम समितिको बैठक सञ्चालन सम्बन्धी मापदण्ड समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ।

(४) समितिका पदाधिकारीहरुले गाउँपालिकामा गठित अन्य समितिका सदस्यहरुले पाए सरहको बैठक भत्ता पाउनेछन्।

५. <u>तह वृद्धि सिफारिस समितिको काम, कर्तव्य र अधिकार:</u> (१) तह वृद्धि सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ।

(क) तह वृद्धि प्रयोजनका लागि अध्यादेश बमोजिमको कार्यतालिका निर्धारण गर्ने।

(ख) आवेदन पेश गर्नका लागि सूचना प्रकाशित गर्ने।

(ग) पेश भएका कागजातको अध्ययन तथा विश्लेषण गर्ने।

(घ) अध्यादेशको दफा ४ को उपदफा (५) र दफा ८ को उपदफा (१६) बमोजिमको योग्यता पुगेका कर्मचारीको तह वृद्धिका लागि निर्णय गर्ने।

(ङ) अध्यादेशको दफा २८ बमोजिमको योग्यता पुगेका कर्मचारीको तह वृद्धिका लागि निर्णय गर्ने।

(च) तह वृद्धि गरिने कर्मचारीहरुको नामावली सहित तह वृद्धिको लागि कार्यालय समक्ष सिफारिस गर्ने।

(छ) तह वृद्धिका सम्बन्धमा कुनै दुविधा भएमा प्रदेश लोक सेवा आयोगसँग परामर्श गर्ने।

(ज) तह वृद्धि कार्यलाई व्यवस्थित र अनुमान योग्य बनाउन आवश्यक योजना निर्माण गरी कार्यालय समक्ष सिफारिस गर्ने।



रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

६. <u>सूचना प्रकाशित गर्नुपर्ने</u>: (१) अध्यादेशको दफा २८ को उपदफा (१) बमोजिम तह वृद्धि गर्नका लागि अध्यादेशको दफा २८ को उपदफा (२) बमोजिम गाउँपालिकाले स्थानीय सेवामा कार्यरत कर्मचारीको तह वृद्धिका लागि प्रत्येक वर्षको ज्येष्ठ महिना र मंसिर महिनामा सम्भाव्य उम्मेद्वारहरुको जानकारीका लागि कम्तीमा तीस दिनको म्याद दिई सूचना प्रकाशन गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको सूचना प्रकाशन गर्दा उक्त सूचनामा सम्भाव्य उम्मेद्वारले देहायका कागजात निवेदनका साथमा संलग्न गर्नुपर्ने भनी उल्लेख गर्नुपर्नेछ। त्यसरी प्रकाशित सूचना गाउँपालिकाको सूचना पाटी, सबै वडा कार्यालयहरुको सूचना पाटी, विषयगत शाखाहरुको सूचना पाटी र गाउँपालिकाको वेभसाईटमा समेत प्रकाशन गर्नु पर्नेछ।

(क) अनुसूची-१ बमोजिमको निवेदन,

(ख) शुरु नियुक्ति सम्बन्धी कागजात,

(ग) बढुवा भएको भए सो सम्बन्धी कागजात,

(घ) सेवा अवधि प्रमाणित भएको कागजात

(ङ) समायोजन भएको भए सो सम्बन्धी कागजात,

(च) सेवाकालीन तालिम लिएको भए सो को कागजात,

(छ) भौगोलिक क्षेत्रमा सेवा गरेको सम्वन्धी कागजात,

(ज) पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कन फारामको सक्कल प्रति,

(झ) सेवा समूहसँग सम्बन्धित न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको उम्मेद्वार स्वयंले प्रमाणित गरेको प्रति,

(ञ) गयलकट्टि नभएको, सेवा निरन्तर रहेको, विभागीय कार्वाहीमा नपरेको, अध्ययन/असाधारण विदामा नवसेको,

(ट) पेशा सम्बन्धी व्यवसायिक परिषद्ले उपलब्ध गराउने पदमा रहेको भए सो परिषदले उपलब्ध गराउने प्रमाण पत्रको उम्मेदवार स्वयंले प्रमाणित गरेको प्रति ।

(ठ) समितिले तोके बमोजिमका अन्य कागजात।

७. <u>आवश्यक न्यूनतम योग्यता र सेवा अवधि</u>: (१) स्थानीय सेवामा कार्यरत कर्मचारीको तह वृद्धि गर्दा तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका र देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई देहाय वमोजिम सम्बन्धित सेवा, समूह वा उपसमूहभित्र तह वृद्धि गरिनेछ।

| क्र.सं. | हालको तह | तह वृद्धि हुने तह | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|---|
| | | | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
| १. | पाँचौ | छैठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा कक्षा १२ उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |



रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

८. दरखास्त दिनुपर्ने: (१) दफा ६ बमोजिम प्रकाशित सूचनाको म्याद भित्र तह वृद्धिका लागि दफा ७ बमोजिमको योग्यता पुगेका इच्छुक सम्भाव्य उम्मेद्वारले अनुसूची-१ बमोजिमको ढाँचामा दफा ६ को उपदफा (३) मा उल्लिखित कागजात समेत संलग्न गरी तह वृद्धि सिफारिस समिति समक्ष दरखास्त दिनुपर्नेछ।

९. जाँचबुझ सम्बन्धी व्यवस्था: (१) दफा ८ बमोजिम दर्ता भएका दरखास्त तथा कागजात प्रमाणहरु दफा ४ बमोजिमको समितिले जाँचबुझ गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा कुनै उम्मेद्वारको तह वृद्धिका लागि आवश्यक पर्ने आधारभूत कागजात वा प्रमाण नपुगेको देखिएमा बढिमा ३ (तीन) दिनको समय दिई छुटेका कागजात प्रमाण पेश गर्न समय दिनु पर्नेछ। तर, उम्मेदवारले छुटेका काजगात पेश गर्दा दरखास्त दर्ता गर्ने अन्तिम मिति भित्र जारी भएका कागजात वा प्रमाण मात्र पेश गर्न सक्नेछन। दरखास्त दर्ता गर्ने अन्तिम मिति पछि जारी भएका कागजात वा प्रमाणहरुलाई समितिले मान्यता दिनुहुदैन।

१०. सिफारिस गर्नुपर्ने: (१) दफा ९ बमोजिम कागजातको जाँचबुझ पश्चात तह वृद्धि गर्न योग्यता पुगेका उम्मेद्वारलाई समितिले तह वृद्धिको लागि गाउँपालिका समक्ष सिफारिस गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस गर्दा कर्मचारीले तह वृद्धि हुनु पूर्वको पदमा भएको स्थायी वा बढुवाको नियुक्ति अनुसारको शैक्षिक योग्यता, सेवाकालीन तालिमलाई आधार मानी क्रम निर्धारण गरी सिफारिस गर्नुपर्नेछ।

११. तह वृद्धिका लागि सम्भाव्य उम्मेद्वार हुन नपाउने वा तह वृद्धि रोक्का हुने : (१) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा दफा ४ बमोजिमको समितिले कर्मचारीलाई तह वृद्धिको लागि सिफारिस गर्ने छैन।

(क) निलम्बन भएकोमा निलम्वन भएको अवधिभर
(ख) तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर
(ग) तलव वृद्धि रोक्का भएकोमा तलव वृद्धि रोक्का भएको अवधिभर
(घ) सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर
(ङ) असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर
(च) स्थानीय स्वास्थ्य सेवाका कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषद्मा नाम दर्ता निलम्वन भएको भए त्यस्तो निलम्वनको अवधिभर ।

१२. तह वृद्धि सम्बन्धी विशेष व्यवस्था: (१) अध्यादेशको दफा ८ को उपदफा (१४) बमोजिम चौथो तहमा सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीलाई पाँचौं तहको कम्प्युटर अपरेटर पदमा प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धिको निर्णय गरी नियुक्तिपत्र दिईनेछ।

रमेश राई
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

(२) अध्यादेशको दफा ८ को उपदफा (१४) अनुसार निजामती सेवा बाहेक अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई सेवा अवधि ५ वर्ष पुरा गरेका पाँचौ तहमा कार्यरत कर्मचारीलाई अध्यादेशको दफा २८ को प्रक्रिया पूरा गरी क्रमश: छैठौं तहमा एक तह वृद्धि गरिनेछ।

(३) सङ्घीय लोक सेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा स्थानीय सेवाको छैटौं तहको पदमा सिफारिस भई नियुक्ति भई सकेका कर्मचारीलाई स्थानीय सेवाको सातौं तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौं तह कायम गरी दिनुपर्नेछ। यसरी सातौं तह कायम गर्नु पूर्व गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सङ्गठन संरचना तथा दरबन्दी स्वीकृत गर्नु पर्नेछ।

(४) अध्यादेशको दफा ४ को उपदफा (५) बमोजिम स्थानीय तहको सहायक तेश्रो र चौथो तहको पदमा समायोजन भई अध्यादेश जारी भएको दिनसम्म पाँच वर्ष सेवा अवधि पुगेका कर्मचारीको एक पटकका लागि क्रमश: चौथो र पाँचौं तहमा स्वत: तह वृद्धि हुनेछ र त्यस्ता कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्ति पत्र दिनुपर्नेछ। यसरी तह वृद्धि हुने पद स्वत: सृजना हुनेछ। त्यसरी स्वत: सृजना भई तह वृद्धि भएको पदमा सो कर्मचारी कुनै कारणले वहाल नरहेमा सो पद स्वत: खारेज हुनेछ।

१३. **तह वृद्धि सम्बन्धी पत्र दिनुपर्ने:** (१) यस मापदण्ड बमोजिम तह वृद्धि वा बढुवा भएका कर्मचारीलाई समितिले सिफारिस गरेको ७ दिनभित्रमा अनुसूची-२ बमोजिमको ढाँचामा तहवृद्धि वा बढुवा सम्बन्धी पत्र दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको तहवृद्धिको पत्र दिँदा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्रदेश किताबखाना, प्रदेश लोक सेवा आयोग, गाउँपालिकाको प्रशासन शाखा, आर्थिक प्रशासन शाखा समेतलाई वोधार्थ दिनु पर्नेछ।

१४. **तह वृद्धि भएका कर्मचारीको सेवा, सुविधा:** (१) यस मापदण्ड बमोजिम तहवृद्धि भएका कर्मचारीले तहवृद्धि भएको मितिबाट मात्र सेवा सुविधा प्राप्त गर्नेछन्।

(२) तहवृद्धि वा बढुवा भएका कर्मचारीले खाईपाई आएको तलब भन्दा घटी हुने भएमा खाईपाई आएको तलब भन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ।

(३) तहवृद्धि वा बढुवा भएका कर्मचारी सेवा निवृत्त हुँदा उपदान वापतको सेवा सुविधा प्रचलित कानून बमोजिम हुनेछ।

१५. **ज्येष्ठता लागू हुने सम्बन्धी व्यवस्था:** (१) अध्यादेशमा ज्येष्ठता गणना सम्बन्धमा व्यवस्था भएका कर्मचारीको हकमा अध्यादेशमा तोकिए बमोजिमको मितिबाट ज्येष्ठता गणना हुनेछ।

(२) उपदफा (१) मा बाहेकका ज्येष्ठता गणना सम्बन्धमा अध्यादेशमा व्यवस्था नतोकिएका कर्मचारीको हकमा अध्यादेशको दफा २८ को उपदफा (२) बमोजिम प्रत्येक आर्थिक वर्षको माघ १ गते र श्रावण १ गतेबाट ज्येष्ठता कायम हुनेछ।

(१) अध्यादेशको दफा ४ को उपदफा (५) बमोजिम तह वृद्धि भएका कर्मचारीको ज्येष्ठता गणना समायोजन हुनु अघिको तहमा नियुक्ति पाएको मितिबाट गरिनेछ।

(२) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम तह वृद्धि भएका सङ्घीय लोकसेवा आयोगबाट स्थानीय तहको छैठौं तहमा सिफारिस भई आएका र अध्यादेश जारी हुँदाका बखतसम्म तह वृद्धि नभएका कर्मचारीको ज्येष्ठता गणना नियुक्ति भएको शुरु मितिबाट कायम हुनेछ।

(३) अध्यादेशको दफा २८ बमोजिम तहवृद्धि भएका कर्मचारीको ज्येष्ठता निर्णय भएको मितिबाट कायम हुनेछ।



रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

१६. <u>उजुरी, गुनासो र पुनरावेदन:</u> (१) तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी, गुनासो वा पुनरावेदन गर्न सकिनेछ।

(२) उपदफा १ बमोजिम प्राप्त निवेदनका सम्बन्धमा प्रदेश लोक सेवा आयोगबाट प्राप्त राय प्रतिकृया वा निवेदन उपर भएको निर्णय गाउँपालिका र निवेदक दुवै पक्षलाई मान्य हुनेछ र उक्त राय, प्रतिकृया वा निर्णयको कार्यान्वयन गर्नु गाउँपालिका र निवेदक दुवैको कर्तव्य हुनेछ ।

१७. <u>कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्था:</u> कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गत दरवन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह वृद्धि हुनेछ। एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरवन्दी/पदाधिकार रहेको कार्यालयमा तह वृद्धि गरिनेछ।

१८. <u>जानकारी दिनुपर्ने:</u> (१) यस मापदण्ड बमोजिम गाउँपालिकाले गरेको तह वृद्धिको जानकारी तह वृद्धिको निर्णय भएको मितिले १५ दिन भित्रमा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोक सेवा आयोगलाई दिनुपर्नेछ।

(२) तह वृद्धि भएका कर्मचारीहरुको विवरण स्थानीय राजपत्रमा समेत प्रकाशन गर्नुपर्नेछ।

१९. <u>सचिवालय:</u> तह वृद्धि सम्वन्धी सिफारिस समितिको सचिवालयको रुपमा गाउँपालिकाको सामान्य प्रशासन शाखाले गर्नेछ।

२०. <u>अभिलेख राखे सम्बन्धी ब्यवस्था:</u> यस मापदण्ड बमोजिम तहवृद्धि हुने कर्मचारीहरुको अभिलेख गाउँपालिकाले दुरुस्त रुपमा राख्नु पर्नेछ सरोकारवाला निकायहरुबाट माग भएको बखत तत्काल उपलब्ध गराउनु पर्नेछ।

२१. <u>मापदण्डमा संशोधन:</u> यो मापदण्डमा परिमार्जन गर्नु परेमा गाउँ कार्यपालिकाले प्रदेश लोक सेवा आयोगसँग आवश्यक परामर्श गरी संशोधन गर्न सक्नेछ।

२२. <u>बाधा अड्चन फुकाउन सक्ने:</u> यो मापदण्ड कार्यान्वयनमा कुनै बाधा अडकाउ उत्पन्न भएमा बाधा अडकाउ फुकाउने अधिकार प्रदेश लोक सेवा आयोगको परामर्शमा गाउँ कार्यपालिकामा रहनेछ।

२३. <u>प्रचलित कानून बमोजिम हुने:</u> यो मापदण्डमा लेखिएको कुराको हकमा सोही बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ। कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्चन फुकाउन सक्नेछ।

२४. संशोधन र खारेजीः- यस अघि मिति २०८०।०२।०१ मा जारी भएको उदयपुरगढी गांउँपालिकाको स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको एक पटकको लागि एक तह वृद्धि सम्बन्धी मापदण्ड, २०८० लाई खारेज गरीएको छ ।

रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-१

मापदण्डको दफा [illegible] को उपदफा (१) सँग सम्बन्धित

## तहवृद्धि आवेदन फारम

मिति:

श्री अध्यक्षज्यू,
तह वृद्धि सिफारिस समिति
उदयपुरगढी गाउँपालिका, उदयपुर।

विषय: तह वृद्धि गरि पाउँ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको तह वृद्धि सिफारिस समितिको मिति .................................. गतेको सूचना अनुसार म हाल तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिम देहाय बमोजिमको पदमा तह वृद्धि हुन योग्य रहेको हुँदा तोकिए बमोजिमका कागजात संलग्न राखी निवेदन पेश गरेको छु।

हालसालै खिचेको पासपोर्ट साईजको फोटो

दर्ता नं-
दर्ता मिति-

**१.सूचनाको विवरण:**

तहवृद्धिको सूचना नं.-..................... ......... मिति-.................................
सेवा/समुह -............................ तह वृद्धि हुने तह-.............................

**२.उम्मेदवारको विवरण:**

उम्मेदवारको नाम/थर(देवानागीमा )-...........................................
उम्मेदवारको नाम/थर(अंग्रेजी ठूलो अक्षरमा)........................................
ठेगाना -......................................... कार्यालय-...........................................सेवा-......................
समुह /उपसमुह-..................................,पद-.......................................(हालको) ,संकेत नं.-
............................
सम्पर्क नं ..................................

**३. हाल कार्यरत पद सम्बन्धी विवरण:**

| क्र. सं. | पदको नाम/तह/सेवा/समुह | कार्यालयको नाम | नियुक्ति वा बढुवा मिति | बहाल रहेको मिति | | असाधारण विदा बसेको भए | | हालको पदमा(खुल्ला,बढुवा,समायोजन,सरुवा) | स्थायी नियुक्ति गर्ने कार्यालय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | देखि | सम्म | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| | | | | | | | | | |

रमेश राई
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

४. तहबृद्धिका लागि योग्य भए/नभएको अवस्था :-

(क) विभागिय कार्वाही भएको/नभएको.........., भएको भए कुन कारवाही भएको .......... र कार्वाही सकिने अवधि उल्लेख गर्नुहोस...........।

(ख) स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा २८ बमोजिम तहबृद्धि हुने पदका लागि चाहिने न्यूनतम शैक्षिक योग्यता हासिल गरेको/नगरेको ....................।

(ग) असाधारण र अध्ययन विदा बसेको /नबसेको ..............., बसेको भए अवधि उल्लेख गर्नुहोस......।

(घ) निलम्बनमा परे/नपरेको .....................।

(ङ) पेशासँग सम्बन्धित व्यवसायी परिषदको प्रमाण पत्रको अवधि................।

(च) माथी उल्लेखित विवरण ठिक छ । झुठ्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला भनि सहिछाप गर्ने ।

कर्मचारीको नाम/थर

.............................

पद/तह -.........................

संकेत नं...............................

दस्तखत र मिति -....................

५. सेवा अवधि र कार्यसम्पादन मूल्याङ्कनको विवरण :-

(क) आवेदक कर्मचारीले समायोजन हुनु पूर्व/समायोजन पश्चात/ नियुक्ति पछि गरि हालको तहमा पुरा गरेको सेवा अवधि .............. वर्ष.............महिना..........दिन ।

क) आवेदक कर्मचारीको पछिल्लो तीन वर्षको कार्यसम्पादन मुल्याङ्कन वापत प्राप्ताङ्क र सो को औसत —

अ) आ.व. .............../......................को प्राप्ताङ्क ..................................

आ) आ.व. ................./........................... को प्राप्ताङ्क ...............................

इ) आ.व. ................../.............................. को प्राप्ताङ्क ...........................

औषत प्राप्ताङ्क ..............................................

ख) स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा २८ को उपदफा १ तथा तहबृद्धि सम्बन्धि कार्यविधि ,२०८० को दफा ७ को उपदफा १ बमोजिम न्यूनतम योग्यता र मापदण्ड पूरा गरेको देखिएकोले निजलाई हाल कार्यरत तहबाट सोही सेवा,समुह/उप समुहमा एक तहबृद्धि गर्ने निर्णय गरियो।

निर्णय मिति- ..........................

तहबृद्धि निर्णय लागु हुने मिति- ......................

तहबृद्धि हुने तह-...........................

सेवा -...................................

समुह/उप समुह-..............................

पद-.....................................

| | | |
|---|---|---|
| ............................ | ......................... | .................................. |
| सदस्य | सदस्य | संयोजक |
| नाम/थर............ | नाम/थर...................... | नाम/थर...................... |
| पद-.................. | पद-............................ | पद.......................... |
| संकेत नं | संकेत नं | संकेत नं |

रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

मापदण्डको दफा १४ को उपदफा (१) सँग सम्बन्धित
(कार्यालयको लेटर हेड)

अनुसूची - २

मापदण्डको दफा १३ को उपदफा (१) सँग सम्बन्धित
(कार्यालयको लेटर हेड)

मिति-,

विषय- तहवृद्धि गरिएको।

महाशय,

स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा ............बमोजिम तपाईलाई यस कार्यालयको मिति .............. को निर्णयानुसार मिति .....................देखि ज्येष्ठता कायम हुने गरी देहाय बमोजिमको पदमा तह वृद्धि गरिएको छ।

तह वृद्धि हुनु भएकोमा बधाई छ ।

तपसिल:-

| हाल कार्यरत पद | तह वृद्धि गरेको पद |
|---|---|
| पद-<br>तह-<br>सेवा-<br>समुह-<br>कार्यालय- | पद -<br>तह-<br>सेवा-<br>समुह -<br>कार्यालय- |

श्री .....................................

संकेत नं.................................

.......................................

प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थ-</u>

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाण्डौं।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश विराटनगर नेपाल ।

श्री प्रदेश लोक सेवा आयोग , कोशी प्रदेश विराटनगर नेपाल ।

श्री प्रदेश किताबखाना , कोशी प्रदेश विराटनगर नेपाल ।

श्री कर्मचारी सञ्चयकोष , विराटनगर।

श्री नागिक लगानी कोष, विराटनगर ।

श्री आर्थिक प्रशासन शाखा, उदयपुरगढी गाउँपालिका, उदयपुरगढी, उदयपुर ।

रमेश राई
प्रमुख प्रशासकीय अधिकृत